त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं
(प्रकाशित मितिः २०८३।०६।०१)

## ५२ औं दीक्षान्त समारोह (२०८३) मा सहभागी हुन Online आवेदन फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालयद्वारा आयोजना गरिने ५२ औं दीक्षान्त समारोहमा सहभागी हुन **बि.सं. २०८२ साल आषाढ १ गतेदेखि २०८३ साल जेष्ठ ३१ गते तदनुसार सन्** 15th June 2025 to 14th June 2026 **सम्म**मा सेमेष्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर तथा एम.फिल तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरू र सोही अवधि भित्र विद्यावारिधि (पिएच.डी.) तह पूरा गर्ने विद्यार्थीहरूले त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्को निर्णय अनुसार देहाय अनुसारको केन्द्रमा फरक फरक मितिमा हुने ५२ औं दीक्षान्त समारोहमा सहभागी हुनका लागि परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराइएको Online Application Portal मा आफू सहभागी हुन चाहेको तल उल्लेखित मध्ये कुनै एक दीक्षान्त केन्द्र छनौट गर्नु पर्नेछ।

**दीक्षान्त समारोह केन्द्रः**

- **बागमती प्रदेश केन्द्र (एम.फिल., पिएच.डी. तथा Topper र Medal प्राप्त गर्नेहरुका लागि समेत)**
- **कोशी प्रदेश केन्द्र**
- **मधेश प्रदेश केन्द्र**
- **गण्डकी प्रदेश केन्द्र**
- **लुम्बिनी प्रदेश केन्द्र**
- **कर्णाली प्रदेश केन्द्र**
- **सुदुरपश्चिम प्रदेश केन्द्र**

**(आवेदक आफैले केन्द्र छनौट गर्न पाउने व्यबस्था गरिएको हुनाले आफु सहभागी हुन सक्ने केन्द्र निश्चित भएर मात्र छनौट गर्न हुन सुचित गरिन्छ। एक पटक केन्द्र छनौट भए पश्चात दीक्षान्त समारोह केन्द्र परिवर्तन गर्न पाईने छैन।)**

माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सकृप्ट लिइसकेका इच्छुक विद्यार्थीहरूले मिति **२०८३ साल असोज ०१ गतेदेखि २०८३ साल कार्तिक १२ गतेसम्म** Online आवेदन दिन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फाराम त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको Website: student.exam.tu.edu.np मा गई Online Form भर्न सकिनेछ।

Online आवेदन फाराम भर्दा आवेदन फारामका साथ एम.आर.पि.(White Background MRP Photo) साइजको फोटो, नागरिकताको प्रमाणपत्र र आफूले तह पार गरेको Transcript को Scan Copy अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्नेछ।

Online आवेदन Submit गर्दा प्राप्त सम्पूर्ण कागजातहरू PDF छपाई गरी सुरक्षित राख्नु पर्नेछ। दीक्षान्त समारोह सम्वन्धी विस्तृत कार्यक्रमको सूचना प्रकाशित भए पश्चात् गाउन स्कार्फ आदि लिन आउँदा सो कागजातहरू परीक्षा नियन्त्रण कार्यालयले तोकेको शाखामा पेश गरी कार्यालयको छाप लगाई सुरक्षित राख्नु पर्नेछ।

शुल्क विवरण:

| तह | दीक्षान्त तथा प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | कैफियत |
|---|---|---|---|
| स्नातक | ३,०००।- | २५००।- | |
| स्नातकोत्तर तथा एम.फिल | ३,५००।- | २५००।- | |
| विद्यावारिधि (पिएच.डी) | ४,०००।- | २५००।- | |

**(गाउन धरौटी वापतको रकम आवेदकले रकम बुझाएको खातामा नै फिर्ता गरिने भएकोले आवेदकले गाउन धरौटी वापत बुझाउने रकम स्वयं आफ्नो खाता नं. बाट नै बुझाउनु हुन अनुरोध छ । बैंक खाता नं.को कारणले रकम फिर्ता हुन नसकेमा प.नि.का.जिम्मेवार हुने छैन ।)**

दीक्षान्त समारोहमा २ जनासम्म अभिभावक सरिक गराउन सकिनेछ । अभिभावक सरिक गराउने भएमा प्रति अभिभावकका रु.४००।- का (फिर्ता नहुने) दरले शुल्क लाग्नेछ ।

दीक्षान्त समारोहमा सहभागी विद्यार्थीहरूमध्ये इच्छुक विद्यार्थीहरूका लागि मात्र त्रिभुवन विश्वविद्यालयको लोगो अंकित प्रमाणपत्र राख्ने फोल्डर उपलब्ध गराइनेछ । फोल्डर प्राप्त गर्न इच्छुक भएमा थप रु.५००।- शुल्क लाग्नेछ ।

उल्लेखित शुल्क नेपाल बैंक लि. वा ग्लोबल आईएमई बैंक लि. मा Online Banking बाट मात्र दाखिला गर्न सकिनेछ । शुल्क भुक्तानी गरेको Receipt तथा Transaction ID सुरक्षित साथ राख्नु पर्नेछ ।

दीक्षान्त समारोह सम्बन्धी विस्तृत जानकारी परीक्षा नियन्त्रण कार्यालयको **Website : exam.tu.edu.np** मा हेर्न सकिनेछ ।

**दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम र स्थान पछि प्रकाशित गरिनेछ ।**

**द्रष्टव्य:**

धरौटी रकमबाट रु ५००।- गाउन स्कार्फ आदिको Maintenance Charge कट्टा गरिनेछ ।

**(गाउन लिन/बुझाउन आउँदा** Receipt Slip/Return Slip **र फोल्डर लिन आउँदा** Folder Receipt Slip **अनिवार्य रुपमा लिएर आउनु पर्नेछ ।)**

परीक्षा नियन्त्रक